# घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## घोराही, दाङ, ५ नं प्रदेश, नेपाल

फोन-फ्याक्स
०८२-५६०१६२,
५६०२४३,५६१२६८,
५६०७००,५६०४९९
www. ghorahimun.gov.np


## करार सेवामा कर्मचारी आवश्यक्ता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६।१०।०६ गते**

यस घोराही उप-महानगरपालिका अन्तर्गत गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गर्न गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम निम्नानुसारका पदमा तपसिल बमोजिम योग्यता पुगेका कर्मचारी सेवा करारमा नियुक्ति गर्न आवश्यक भएकोले इच्छुक उम्मेद्वारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**क) पदको विवरणः**

| क्र.स. | विज्ञापन नं. | पद | संख्या | सेवाको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०५/०७६/०७७ | सुपरीवेक्षक | ३ | सेवा करार | |
| २ | ०६/०७६/०७७ | गणक | २८ | सेवा करार | |

**ख) आवश्यक न्युनतम शैक्षिक योग्यताः**

१. **सुपरीवेक्षक पदको लागिः** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उतिर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।

२. **गणक पदको लागिः** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा (+२) वा सो सरह उतिर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।

**ग) अन्य योग्यताः** निजामती सेवा ऐन, २०४९ अनुसार सरकारी सेवाको लागि ग्राह्य योग्यता भएको हुनुपर्ने ।सम्बन्धीत स्थानीय तहको वासिन्दालाई प्राथमिकता दिईने ।

**घ) आवश्यक कागजातः** दरखास्त फाराम पेश गर्दा देहायका कागजात संलग्न गर्नुपर्ने :

१)व्यक्तिगत विवरण २)नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
३)न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ४)दरखास्त बुझाएको नगदी रसिद
उल्लेखित प्रमाणपत्रको प्रतिलिपी निवेदक स्वयंले प्रमाणित गरि दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**ङ) उमेरको हदः** दरखास्त बुझाउने अन्तिम मिति सुपरीवेक्षक पदको लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र गणक पदको लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**च) करार अवधीः** नियुक्ती भएको मितिले ५ महिना सम्म ।

**छ) परीक्षा केन्द्रः** घोराही उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, घोराही , दाङ ।

**ज) छनौट प्रक्रियाः** घोराही उप-महानगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७५ बमोजिम हुनेछ , (सूचीकरण,प्रयोगात्मक परीक्षा तथा अन्तरवार्ता) ।

**झ) दरखास्त दस्तुरः** सुपरीवेक्षक पदको लागि रु ५००।— र गणक पदको लागि रु ४००।- ।

**ञ) दरखास्त दिने अन्तिम मितिः** प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र ।

**ट) तलब तथा सुविधाः** उक्त कार्यक्रमको लागि नेपाल सरकारले तोके बमोजिम ।

**ठ) दरखास्त बुझाउने स्थानः** घोराही उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, घोराही , दाङ ।

**ड) परीक्षा मितिः** पछि तोकिनेछ ।

**ढ) दरखास्त फारामः** दरखास्त फाराम घोराही उप-महानगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७५ को अनुसूची ३को ढाँचा बमोजिमको हुनेछ । रीत नपुगी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

द्रष्टव्यः विस्तृत जानकारीको लागि यस घोराही उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, घोराही दाङ तथा फोन नं. ९८५७८४४२७२, ९८६०१४२००८ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत